# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस ५ गते २०६१ साल (संख्या ३५


## भाग ३

### श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### तारा गाउँ विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०६१

तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "तारा गाउँ विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०६१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४ को दफा २ मा संशोधनः तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४, (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२. समितिको गठनः (१) तारा गाउँ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहने छन्:–

(क) श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय -सदस्य

(ङ) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड -सदस्य

(च) नेपालको संस्कृति, पर्यटन तथा समितिको कार्यसँग सम्बन्धित कुनै क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना -सदस्य

(छ) श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति -सदस्य-सचिव

(३) समितिका मनोनीत अध्यक्ष तथा सदस्यहरूको र सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष, कुनै मनोनीत सदस्य तथा सदस्य-सचिवले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा श्री ५ को सरकारले निजलाई जुनसुकै बखत सम्बन्धित पदबाट हटाउन सक्नेछ र यसरी हटाउँदा निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।''

३. मूल आदेशको दफा ४ मा संशोधन: मूल आदेशको दफा ४ को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२) र (घ३) थपिएका छन्:–

"(घ१) ग्रामीण पर्यटन उद्योगको विकास तथा विस्तारको लागि नेपाल पर्यटन बोर्ड वा सरकारी वा सम्बन्धित स्थानीय निकायसँग समन्वय गरी आवश्यक काम गर्ने,

(घ२) ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्न अन्तर्क्रिया, गोष्ठी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ३) समितिको वार्षिक योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने,"

४. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) कुनै व्यक्ति, निकाय, संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिसँग रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।"

५ मूल आदेशमा दफा ५क. थपः मूल आदेशको दफा ५ पछि देहायको दफा ५क. थपिएको छः–

"५क. चल अचल सम्पत्ति समितिको नाममा रहनेः समितिको गठन भएपछि तारा गाउँ (प्रा.) लि. बाट समितिले प्राप्त गरेको चल अचल सम्पत्ति समितिको नाममा रहनेछ ।"

६. मूल आदेशको दफा ९ मा संशोधनः मूल आदेशको दफा ९ मा रहेका "पर्यटन मन्त्रालय, पर्यटन विभाग" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
भोजराज घिमिरे
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना
### वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०६१

वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०६१ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ को दफा ३ मा संशोधन : वैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,–

१) उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"ख) विज्ञान तथा प्रविधि राज्यमन्त्री – उपाध्यक्ष"

२) उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"ख१) सदस्य, राष्ट्रिय योजना आयोगको (उर्जा तथा जलस्रोत हेर्ने) – सदस्य"

३) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"ग१) प्रतिनिधि, विज्ञान तथा प्रविधि मन्त्रालय (रा. प. प्रथम श्रेणी) – सदस्य"

४) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः-

"३क.) श्री ५ सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

३. मूल आदेशको दफा ४ मा संशोधन: मूल आदेशको दफा ४ को,–

१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"क) वैकल्पिक उर्जा प्रविधिको विकास र विस्तारको लागि उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा गरी वैकल्पिक उर्जा प्रविधिको विकास तथा विस्तार गर्न आवश्यक साधन र स्रोतको व्यवस्था गर्ने ।"

२) खण्ड (ठ) पछि देहायका खण्ड (ठ१) थपिएको छः-

"ठ१) समितिको कामको नियमित अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कनको व्यवस्था गर्ने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर दुई महिनामा कम्तीमा एकपटक समितिको बैठक बस्नेछ ।"

५. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) श्री ५ को सरकारले देहायको योग्यता पुगेको कुनै व्यक्तिलाई समितिको कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछः–

(क) वैकल्पिक उर्जा क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको श्री ५ को सरकारको राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) पदमा बहाल रहेको व्यक्ति, वा

(ख) कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको विज्ञ।"

६. मूल आदेशमा दफा १२क. थपः मूल आदेशको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः–

"१२क. निर्देशन दिन सक्नेः श्री ५ को सरकारले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु समितिको कर्तव्य हुनेछ।"

७. मूल आदेशको दफा १५ मा संशोधनः मूल आदेशको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ.–

"१५. समितिको कार्यालय र नामः (१) समितिको मुख्य कार्यालय काठमाड़ौं उपत्यकामा रहनेछ र समितिले काठमाड़ौं उपत्यका बाहिर आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

(२) समितिको कार्यालय "वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र" को नामबाट प्रचलित हुनेछ ।"

आज्ञाले,
शिवभक्त शर्मा
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८

## श्री ५ को सरकार

## न्याय परिषद्‌को

### सूचना १

न्याय परिषद्‌ले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को प्रयोजनको लागि खोटाङ जिल्ला अदालतका न्यायाधीश श्री मुक्तिनाथ शर्मा नेपाल र सोलुखुम्बु जिल्ला अदालतका न्यायाधीश श्री रमेश पोखरेलले काठमाडौं जिल्ला अदालतमा कार्यरत रहँदा वादी श्री ५ को सरकार प्रतिवादी भानु कुमार टिवडेवाला भएको विदेशी विनिमय शर्त अनुरुप प्रयोग नगरेको भन्ने मुद्दामा गरेको आदेश विरुद्धको आरोपका सम्बन्धमा जाँचबुझ गरी बढीमा १ (एक) महिनाभित्र राय सहितको प्रतिवेदन पेश गर्न सोही ऐनको दफा ६ बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनुपराज शर्माको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

न्याय परिषद्‌ले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को प्रयोजनको लागि हुम्ला जिल्ला अदालतका न्यायाधीश श्री केदारप्रसाद प्याकुरेलले महोत्तरी जिल्ला अदालतमा कार्यरत रहँदा वादी युगेश्वर पासवान प्रतिवादी रामवरण मण्डल धानुक भएको लेनदेन मुद्दासमेतमा तथा ओखलढुङ्गा जिल्ला अदालतमा कार्यरत रहँदा वादी श्री ५ को सरकार प्रतिवादी भद्रबहादुर राईसमेत भएको कर्तव्य ज्यान मुद्दामा गरेको आदेश एवं फैसला विरुद्धको आरोपका सम्बन्धमा र बाजुरा जिल्ला अदालतका न्यायाधीश श्री गणेश पञ्जियारले नवलपरासी जिल्ला अदालतमा कार्यरत रहँदा वादी सावित्रीदेवी प्रतिवादी रमौतीदेवी भएको अपुताली जग्गा हटक मुद्दामा गरेको फैसला विरुद्धको आरोपका विषयमा जाँचबुझ गरी बढीमा १ (एक) महिनाभित्र रायसहितको प्रतिवेदन पेश गर्न सोही ऐनको दफा ६ बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
काशीराज दाहाल
सचिव न्याय परिषद्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।